# चौदण्डीगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेल्टार, उदयपुर

१ नं. प्रदेश

प.सं.: ०७८/०७९
च.नं.: 2026

मिति: २०७८।०९।०५

श्री प्रमुख प्रशासकीय अधिकृत
चौदण्डीगढी नगरपालिकाको कार्यालय,
वेल्टार उदयपुर ।

विषय :- **आन्तरिक लेखा परिक्षण प्रतिवेदन पेश गरीएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७७०७८ को तपसिल अनुसारको २०७७श्रावण महिना देखि २०७८ असार मसान्तसम्मको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७७ को दफा ३घ, स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ७७ (२) बमोजिम प्रतिवेदन पेश गरिएको छ । उक्त प्रतिवेदनमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ७७ (२) तथा अन्य प्रचलित कानुन वमोजिम औल्याएका कैफियत अन्तिम लेखा परिक्षण हुनु अगावै सम्मपरीक्षण गराउन हुन अनुरोध छ ।

**तपसिल:**

लेखा परीक्षण गरिएका विषयहरु :-

- नगरपालिका चालु शिर्षक, पूँजीगत शिर्षक,
- संघीय सरकारबाट प्राप्त अनुदान चालु, पूँजीगत,
- संघीय सरकारबाट प्राप्त विशेष अनुदान,
- संचित कोष खाता
- प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रमहरु,
- धरौटी कोष खाता,
- गत आ.व. मौज्दात चालु, शिर्षक, पूँजीगत शिर्षक,

...................................
दुर्गा प्रसाद आचार्य
आन्तरिक लेखा परिक्षक

**बोधार्थ :**

श्री महालेखा परिक्षकको कार्यालय, ववरमहल काठमाडौं,
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, गाईघाट, उदयपुर

# चौदण्डीगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेल्टार उदयपुर

१ नं प्रदेश नेपाल

**आन्तरिक लेखा परीक्षण इकाई**

आ.व. २०७७०७८ को आन्तरिक लेखा परिक्षण प्रतिवेदन

१. कार्यालयको नाम :- चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बेल्टार उदयपुर

२. कार्यालयको उद्देश्य :-

- स्थानीय सरकार सञ्चालन
- स्थानीय विकास

३. प्रमुख क्रियाकलाप :-

- नगरपालिका विकासका लागि वार्षिक आवधिक तथा विषयगत योजना तर्जुमा
- स्थानीय सरकार सञ्चालनको लागि आवश्यक कानुन मापदण्डको निर्माण
- नगरसभाबाट पारित वार्षिक कार्यक्रम सञ्चालन/कार्यान्वयन
- स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने
- संघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकारबाट हस्तान्तरीत आयोजना/कार्यक्रम सञ्चालन गर्ने,

४. कार्यालय प्रमुखको नाम : श्री शिवप्रसाद हुमेगाई/ध्रुवराज आचार्य

५. आर्थिक प्रशासन शाखा प्रमुखको नाम :- लेखापाल श्री अम्बर बहादुर मगर
सह-लेखापाल श्री बालकृष्ण आचार्य

६. कारोबारको संक्षिप्त विवरण

७. परीक्षण गरिएको मिति २०७७।०५।०३ देखि २०७७।०८।३१ सम्म

८. परीक्षण गरिएका श्रेस्ताहरु

- गोश्वारा भौचर तथा संलग्न कागजातहरु

- बैंक नगदी किताब
- खर्चको फाँटबारीहरु
- सहायक खाताहरु
- खरिद निर्णय सम्बन्धी फायलहरु
- भुक्तानि आदेश
- नगदि रसिद
- बैंक विवरण

९. सम्बन्धित ऐन नियम निर्देशिका र कार्यविधि

क) संघीय कानुन

- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- आर्थिक ऐन २०७६
- आयकर ऐन २०५८ र नियमावली
- भ्रमर्ण खर्च नियमावली
- आर्थिक संकेत वर्गिकरण र व्याख्या
- नेपाल सरकारको लेखा निर्देशिका २०७३
- कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६/०७७ शिक्षा मन्त्रालय
- स्थानीय तहका स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन २०७६ (स्वास्थ्य मन्त्रालय)

ख) प्रादेशिक कानुन

- प्रदेश सरकारको आर्थिक ऐन २०७६
- चौदण्डीगढी नगरपालिकाको आर्थिक ऐन २०७६

१०. लेखा परीक्षणबाट देखिएको व्यहोरा

१. आन्तरिक नियन्त्रण प्रणाली :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण

प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन । कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्बन्धमा परिक्षण गर्दा निम्न व्यवस्थाहरुको पालना गरेको देखिएन । आन्तरिक नियन्त्रण व्यवस्थाहरुको पालना नगर्दा कार्यालयबाट संचालन गर्ने क्रियाकलापहरु मितव्ययी, प्रभावकारी, पारदर्शी नहुने र कार्यालयबाट प्रवाह गरिने सेवामा समेत असर पर्ने भएकाले प्रचलित ऐन नियमले तोकेको प्रकृया अबलम्बन गरि आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

- जटिल प्रकृतीका निमार्ण कार्य उपभोक्ता समितिबाट गराएको जस्तै

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी भवन निर्माण | १ | २५,००,००० |
| २ | भ्यु टावर निर्माण | १ | १५,००,००० |
| ३ | महिला भवन तुन्गालुनटार | १ | ४,५०,००० |
| ४ | महिला भवन | ६ | ३,००,००० |
| ५ | सातधारे देखि साकेला थान हुदै सिर्वानी सम्म सडक स्तरन्नति | ६ | १५,००,००० |
| ६ | समावेशी तालिम केन्द्र भवन निर्माण | ६ | १०,००,००० |
| ७ | देविथान जाने लाटीखोलामा पुल निर्माण | ७ | १६,००,००० |
| ८ | विरेन्द्रबजार टस पुल निर्माण | ८ | ४३,००,००० |
| ९ | सि एम सि भवन बेल्हा | ५ | १०,००,००० |
| १० | जितमहान मन्दिर निर्माण | ५ | १०,००,००० |
| ११ | सिवाई स्कुल कम्प्यूटर भवन निर्माण | ५ | ५,००,००० |
| १२ | शिवालय मन्दिर अधेरी | १० | ३,००,००० |
| १३ | लामाखोला टस पुल निर्माण | २र४ | २८,००,००० |
| १४ | कैवाई देवी स्कुल प्रलाद कटुवालको घर छेउमा कल्भेट निर्माण | २ | ४,५०,००० |

- सार्वजनिक खरिद ऐन, नियमावलीको खरिद पद्धतीका सीमा छल्ने उद्देश्यले उपभोक्ता समिति मार्फत मालसामान खरिद गर्ने गरेको,
- सम्पन्न आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तानान्तरण गर्ने नगरेको,
- नगरपालिका तथा वडाहरुको लागि आवश्यक विभिन्न स्टेशनरी लगायत कार्यालय सामानहरु प्रतिस्पर्धा गराई सिलबन्दी प्रकृयाबाट खरिद गर्नु पर्नेमा नगरी पटक-पटक सिधै खरिद गर्ने गरेको,

- इन्धन खर्चको लगबुक राख्ने नगरेको एवं खर्चमा मितव्ययीता समेत नदेखिएको,
- चालु प्रकृतिको कारोबार समेत पूँजीगत शीषकबाट गर्ने गरेको,
- पारित बजेट भन्दा घटबढ हुने गरी खर्च गरी पछि अनुमादेन गर्ने गरेको,
- नगरपालिकअन्तगर्तका वडाहरुको खरिद गरेका जिन्सी सामानहरु न.पा. को जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा वडाको जिन्सी खातामा आम्दानी गर्ने गरेको,
- कर्मचारी संगठन तथा व्यवस्थापन संरचना स्वीकृत नगरी करारमा कर्मचारी भर्ना गर्ने गरेको,
- नगर प्रमुख, उप प्रमुख एवं वडा अध्यक्षलाई ऐनमा तोकिएको सञ्चार सुविधाको अतिरिक्त थप संचार (मोबाइल रिचार्ज र मोबाइल) खर्च समेत लेख्ने गरेको,
- सवारी साधन मर्मत गर्दा प्राविधिकको सिफारिसको आधारमा मर्मत आदेश लिई मर्मत गराउनु पर्नेमा सवारी चालकलाई सिधै कार्यादेश दिई मर्मत गराउने गरेको,
- भ्रमण अभिलख खाता नराखेको,
- धरौटीको आम्दानी, खर्च र बाँकी देखिने स्पष्ट अभिलेख नराखेको
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु ५ लाख देखि २० लाख सम्म लागत अनुमान भएको मालसमान सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार प्रतिस्पर्धात्मक तवरबाट खरीद कार्य गर्न सकिनेमा नमुना छनौट गर्दा कार्यालयले खरिद विधिबाट मालसामान खरीद गरेको पाइएकोले त्यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, तालिम गोष्टीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाइयो ।
- वातावरणको संरक्षणको एकिकृत दीघकालिन योजना तयार गरेको देखिएन ।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालिलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**२.अवण्डा :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कार्यालयले स्वीकृत बजेट खर्च गर्दा निर्धारित कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । सो विपरीक्त नगरपालिकाले विपद व्यवस्थापन, भैपरी मर्मत तथा संभार रु. २,१९,५६,८००।-

अवण्डा राखी नगर कार्यापालिकाको पटक पटकको निर्णयको आधारमा खर्च गरेको देखिन्छ। नगर सभाबाट कार्यक्रम स्वीकृत नगराई खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ।

३.अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।

साविकको जिल्ला शिक्षा कार्यलयवाट अनुमती प्राप्त गरी सञ्चालन रहेको र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतवाट रु.६६,१०,३२५.७८।-तलब भत्ता भुक्तानी गरेकाले अनियमित भएको देखिन्छ।

**४.खरिदमा प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन २०६४ को दफा ८५(१ख)उपनियम १ र १क मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो उपनियममा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यत्ति, फर्म, कम्पनी वा सस्थाबाट सोझै वा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाख देखि २० लाखसम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्धारा खरीद गर्नुपर्ने व्यवस्था छ।

तर काटेशनबाट न.पा. ले लक्ष्मी छापाखानाबाट मात्रै यस आर्थिक वर्षमा देहाय रकम बराबरको सामान खरिद गरिएको देखिन्छ।

| गो.भौ.न | रकम |
|---|---:|
| ४७ | ४,९६,४०९ |
| ६० | ४,९९,५०३ |
| ६९ | ४,९७,७६९ |
| ८० | ४,८८,१६० |
| १६९ | ४,८९,६२४ |
| ९१० | ४,९९,४६० |
| जम्मा : | २९,७०,९२५ |

**५. योजना छनौट :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनितिगत विषयको योजना बनाउँदा मध्यकालिन तथा दिर्घकालिन प्रकृतिका आयोजनाहरुमा लगानी गनुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको

दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीय स्तरका विकास कार्य गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले सानो प्रकृतिका रु.५,००,०००।- भन्दा घटीका आयोजना अध्ययन अनुसन्धान र प्रभाव मूल्यांकन बेगर रु.३,९६,०५,२००।- को छनौट तथा कार्यान्वयन गरेको देखियो । साना साना योजना वडाबाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालिन तथा दीर्घकालिन योजना बनाई मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

**६. कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसुची १ अनुसार कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।०१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टिन्जेन्सी मध्ये ६० प्रतिशत चालु प्रकृतिको र ४० प्रतिशत पूँजीगत प्रवृतिको खर्च गर्नुपर्ने व्यवस्था छ ।

**वित्तिय समानिकारण चालु**

| सि.न. | गो.भौ.न. | मिति | आन्तरिक लेखा परिक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित | असुल गर्ने (रु.) | पेश्की |
|---|---|---|---|---|---|---|
| १ | १५ | ५।२९ | आय कर ऐन २०५८ को दफा ८७,८८र ८९ अनुसार भुत्तानीमा भुत्तानी रकमको अंकमा तोकिएको दरले कर कट्टी गर्नु पर्दछ । कार्यलयले चौदण्डीगढी मिडियालाई जम्मा रकम रु. ३९,९००।- को अग्रिम आय कर १.५ प्रतिशतका दरले रु.५९८.५० ।- कट्टा गर्नुपर्ने मा रु. ५४०।- मात्र कट्टा गरिएकाले कम काटिएको रकम रु.५८.५० ।- असुल गर्नुपर्ने । | | ५८.५८ | |
| २ | ४१ | ६।१५ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व | रु.१५,००० ।- | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्र खर्च लेख्नुपदर्छ तर कार्य सम्पादन, मुल्यांकन समितिको बैठक भत्ताको भरपाई मा कसैको पनि हस्ताक्षर नभएकाले समन्धित सबैलाई हस्ताक्षर गराई रु.१५,००० ।- रकम नियमिति गर्नु पर्ने । | | | |
| ३ | ४४ | ६।१५ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्टाई संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ तर मनकामना स्पोर्टस हाउसबाट रकम रु. ६५,८५०।-रकम बराबरको खेलकुद सामाग्री वितरणको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने । | | रु.६५,८५० ।- | |
| ४ | ७१ | ६।१५ | कर्मचारी विक्रम रोक्कालाई वडा नं. ५ शिवाई स्थित केडि स्याण्ड प्रोसेसिङ्ग उद्योगमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | रेखदेख गर्नुका लागी अमानत दिएको पत्र समावेश गर्नुपर्ने साथै २०७७।४।१ देखि २०७७।६।११ गते सम्मको प्रमाणित हाजिरी रेर्कड समावेश गर्नुर्ने । | | | |
| ५ | ९७ | ६।१६ | गेलाल सप्लार्यसको व्यवसाय दर्ता प्रमाण पत्र, पान,नम्बर, कम्पनी दर्ता प्रमाण पत्र , जस्ता कागजात संलग्न गर्नुपर्ने । | | | |
| ६ | १६८ | ७।२७ | रात्रिनकालिन डयुटी गरेको हाजिरी रेर्कड प्रमाणित गरी पेश गनपर्ने । | | | |
| ७ | २९२ | ९।१९ | . थान पोखरी मा.वि.का कम्प्युटर शिक्षक श्री दिपा कार्कीले तलव बुझेको भर्पाई समावेश गरी रु. ४०,०००।- नियमित गर्नुपर्ने । | ४०,०००।- | | |
| ८ | ६७० | १।१३ | (१) सम्बन्धित कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनी प्रमाणित गरेको कागजात संलग्न गर्नुपर्ने साथै देहाय बमोजिमको कागजात संलग्न गर्नुपर्ने ।<br>(२) खटाएको प्रमाण वा | | १२,५४,५९६.३२।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी (३) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परिक्षण गरेको, आइसुलेसनमा राखेका तथा संक्रमणको पुष्टी भई उपचार गरेका विरामीको विवरण जस्ता कागजात संलग्न गरी रकम रु. १२,५४,५९६.३२ ।- नियमित गर्नुपर्ने । | | | |
| ९ | ६८९ | ११।६ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्र खर्च लेख्नुपदर्छ सुन्दरपुर ब्याडमिन्टन कलब वडा नं. ५ ले ब्याडमिन्टन नेट २ थान (रु.४०००।-) ब्याडमिन्टन सटल ( १० दर्जन) ( रु.१६०००) ब्याडमिन्टन र्‍याकेट ५ थान ( रु.१३७००) खरिद गरेको सामानको दाखिला नम्बर समावेश गरी रु. ३३००० नियमित गर्नुपर्ने । | ३३०००।- | | |
| १० | ७४१ | २।२ | (१) सम्बन्धित कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा | .४,७१,०८०।- | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनी प्रमाणित गरेको कागजात संलग्न गर्नुपर्नै साथै देहाय बमोजिमको कागजात संलग्न गर्नुपर्ने ।<br>(२) खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी<br>(३) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परिक्षण गरेको, आइसुलेसनमा राखेका तथा संक्रमणको पुष्टी भई उपचार गरेका विरामीको विवरण जस्ता कागजात संलग्न गरी रकम रु.४,७१,०८०।- नियमित गर्नुपर्ने । | | | |
| १० | ७४४ | २।२ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्टयाई तथा विल भर्पाई संलग्न गरेर मात्र खर्च लेख्नुपर्नेमा भलिबल, नेट, पम्प ,रिले व्याटन,भाला सर्टफुट जस्ता सामाग्री रु.२०,०००।-दाखिला वा वितरण गरेको प्रमाण पेश नभएकोले आवश्यक | २०,०००।- | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रमाण पेश गरी नियमित गर्नुपर्ने । | | | |
| ११ | ९०१ | ३१६ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्टयाई तथा विल भर्पाई संलग्न गरेर मात्र खर्च लेख्नुपर्नेमा संजिव कुशवहा नर्सरी बाट खरिद गरिएका आँपको बिरुवा मौज्जात वा वितरणको भरपाई समावेश गरी रु. २,००,०००।- | २,००,०००।- | | |
| १२ | ९१५ | ३१७ | प्रत्येक टोल विकास संस्थालाई रु. ५०००।- दरले २२ वटा टोल विकास संस्थालाई रु.१,१०,००० ।- सोझै बैंकमा पठाएकाले प्रत्येक टोल विकास संस्थाको खर्चको विल भरपाई समावेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । | | १,१०,००० ।- | |
| १३ | ९३५ | ३१८ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्र खर्च लेख्नुपदर्छ तर | ४९,३००।- | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खेलकुद सामाग्री फुटवल १३ थान (रु.३३८००) , नेट २ थान (रु.८०००), भलिवाल २ थान ( रु.५०००), भलिवल नेट १ थान ( रु.२५००)वितरणको भरपाई समावेश गरी रु.४९,३००।- नियमित गर्नुपर्ने | | | |
| १४ | ९८० | ३।२२ | शिक्षक सपोर्ट तथा विद्यालयमा शैक्षिक शीर्षकबाट फर्निचरका सामानहरु खरिद गरिएको रकम रु. २,५७,५९७।- साथै जिन्सी शाखाका रायमा शिक्षा मार्फत विभिन्न विद्यालयहरुको फर्निचर फिक्चर्सका सामानहरु वितरण गरिएको हुँदा भनियता पनि त्यस्ता डकुमेनट नभएकाले सम्बन्धित विद्यालयमा वितरण गरेको प्रमाण पेश गरी रु. २५७५९७नियमित गर्नुपर्ने । | २५७५९७ | | |
| १५ | ९९४ | ३।२४ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्र खर्च लेख्नुपदर्छ तर | ३०,२०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | फुटवल १९ थान ( रु.३०,२००) वितरण गरेको भरपाई वा मोज्दा गरेको प्रमाणित गरी नियमित गर्नुपर्ने । | | | |
| १६ | १०६४ | ३।३० | (१) सम्बन्धित कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनी प्रमाणित गरेको कागजात संलग्न गर्नुपर्नें साथै देहाय बमोजिमको कागजात संलग्न गर्नुपर्ने ।<br>(२) खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी<br>(३) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परिक्षण गरेको, आइसुलेसनमा राखेका तथा संक्रमणको पुष्टी भई उपचार गरेका विरामीको विवरण जस्ता कागजात संलग्न गरी रकम रु. १८२२८३ ।- नियमित गर्नुपर्ने । | १८२२८३ ।- | | |
| १७ | १०६६ | ३।३० | (१)आरती चन्द्रेश्वर साहलाई केस इन्भेस्टिगेसन पालिकाबाट तोकिएको पत्र सलग्न गर्नुपर्ने । | | | |

वित्तिय समानिकारण पुंजीगत

| सि.न. | गो.भौ.न. | मिति | आन्तरिक लेखा परिक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित | असुल गर्ने (रु.) | पेश्की |
|---|---|---|---|---|---|---|
| १ | ९४ | ७७७२ | प्रथम किस्ता भुक्तानिको लागी म्याद थप गर्दा म्याद थपको स्वीकृत टिप्पणी आदेश अनिवार्य पेश हुनुपर्ने सो नभएकाले पेश गर्नुपर्ने । | | | |
| २ | १०३ | ७७७२१ | समपुरक कोषबाटा खर्च देखिएको वडा नं. ३ को सडक मर्मत को सम्झौतामा कार्य सम्पन्न मिति भन्दा पछी काम सकिए पनि म्याद थपमा टिप्पणी आदेश अनिवार्य पेश हुनुपर्ने सो नभएकाले पेश गर्नुपर्ने । | | | |
| ३ | ३०८ | १२।१३ | न्यू कुशल ईटा उद्योगबाट खरिद गरिएका ईटा प्रति पिस १६ जिल्ला दर रेट भन्दा वढि भएको वढि रकम ८०० असुल उपर गर्नुपर्ने | | ८०० | |
| ४ | ३४० | १२।२५ | सिलिंग फेन २० पिसको माग फारम, खरिद आदेश र दाखिला फारम रकम रु.३१००० समावेस गरी पेश गर्नुपर्ने । | ३१००० | | |
| ५ | ३५१ | १२।२७ | दिप्रश्ना टेडर्शले दररेट पेश गर्दा पर्दा पिस १२६० कारपेट ग्राफिकस१६२० पेश गरेको तर विलमा पर्दा प्रति पिस १४५० र कार्पेट ग्राफीक्स १७०० पेश गरेकोले बढी रकम रु.१७७१० असुल गनुपर्ने । | | .१७७१० | |
| ६ | ४१२ | १।१६ | कार्य सम्पन्न र मूल्याकन प्रतिवेदनमा आ.सि.सि को लागि फलामे डण्डी काट्ने स्थानीय | १९१७६६ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | काठको पयाग , ऐना आल्मुनीयम सामान उल्लेख भएको विल नभएकाले उल्लेखित विल भर्पाई समावेश गरी रु.१९१७६६ नियमित गर्नुपर्ने | | | |
| ७ | ४१७ | २।२८ | फलामको ग्रील ६३७७९.२७, सिशा ४एम.एम.६५०, कार्य सम्पन्न मूल्याकनमा समावेश भएको तर विलमा कम्पाउड पोल १९६७२ ,ढोका ग्रील १९३४८ टेवल बेन्च १९९८१ समावेश भएकाले मूल्याकन अनुसार सामान र विल रकम फरक भएकले कार्य सम्पन्न प्रतिवेदन अनुसार विल भर्पाई समावेश गर्नुपर्ने देखिन्छ । साथै एउटै पसलबाट एउटै मिति तिन वटा विल खरिद गर्दा भ्याट विल समावेश नभएकाले भ्याट विल भएका सँग कारोवार गर्नुपर्ने देखिन्छ । | | | |
| ८ | ४२५ | १।२२ | सचिव जगदेव चौधरीलाई अमानतमा काम गर्ने कार्यादेश दिएको कागजात समावेश गर्नुपर्ने । | | | |
| ९ | ४४६ | २।१३ | ए३ प्रिन्टर २२०७CANONको वजार मूल्य ८४,९९९ भएको तर खरिद ८९००० समावेश भएकाले बढी रकम रु.३००१ असुल उपर गर्नुपर्ने । | | ३००१ | |
| १० | ५१६ | ३।२ | वडा नं.१ को टोल विकास संस्थालाई प्रति टोल ५००० का दरले जम्म ६५००० खर्चको विल भर्पाइ पेस गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने । | | ६५,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | ५२८ | ३।४ | दलित कार्यलय व्यवस्थापन समितिले दराज १ थान, टेवल १ थान र कुर्सी ७ थान गरी जम्मा ३५०१ खरिद गरिएको फर्निचर सामानको दाखिला नभएकाले सम्बन्धित कार्यलयमा दाखिला गरी उल्लेखित रकम नियमित गर्नुपर्ने । | | ३,५०१ | |

सर्शत चालु

| सि.न. | गो.भौ.न. | मिति | आन्तरिक लेखा परिक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित | असुल गर्ने (रु.) | पेश्की |
|---|---|---|---|---|---|---|
| १ | ३८ | ९।१२ | एम.आई.एस. अपरेटर र फिल्ड सहायक दैनिक भ्रमण तथा यातायात खर्च शीर्षकमा खाना नास्ताको विल समावेश भएकाले खर्च शिर्षक अनुसार खर्चका विल भर्पाई पेश गरी भुक्तानी गर्न कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| २ | ६७ | ११।१० | छुट तलवको म.ले.प. फा.न. २२१ प्रमाणित गरी संलग्न गर्नुपर्ने | | | |
| ३ | १५२ | १।३० | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्र खर्च लेख्नुपदर्छ तर न्यानो झोला वितरण वा हस्तान्तरण गरेको प्रमाण पेश गरी रु.३,१४,९९९.९९नियमित गर्नुपर्ने साथै विभिन्न फर्मको कर चुक्ता प्रमाणपत्र,. व्यवसाय दर्ता | ३,१४,९९९.९९ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रमाणपत्र र स्थायिलेखा नम्बर संलग्न गर्नुपर्ने । | | | |
| ४ | २९७ | ३।२४ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्र खर्च लेख्नुपदर्छ तर अनुगमन भत्ताको भपाईमा नितु खनाल, अम्बर वहादुर मगर र मेयर श्री खगेन्द्र राईले भत्ता बुझ्केको तथा प्रमाण पेश नभएकाले सम्बन्ति खर्च गर्ने कर्मचारीबाट रकम रु. ३,००० असुल गर्नुपर्ने । | ३,००० | रु ३००० | |
| ५ | २९९ | ३।२४ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्र खर्च लेख्नुपदर्छ तर अनुगमन भत्ताको भपाईमा नितु खनाल, अम्बर वहादुर मगर र मेयर श्री खगेन्द्र राईले भत्ता बुझ्केको तथा प्रमाण पेश नभएकाले सम्बन्धित खर्च गर्ने कर्मचारीबाट रकम रु. ३,००० असुल गर्नुपर्ने । | | रु ३००० | |
| ६ | ३०४ | ३।२५ | राम लक्ष्मण फार्मेसीबाट रु.८,८०,००० बराबरको औषधी जन्य सामानको जिन्सी निरक्षण समितिको अनुगमण प्रतिवेदन समावेश गर्नुपर्ने। | | | |
| ७ | ३१० | ३।२५ | रोशनराज खतिवडालाई डिजिटाईजेशन कार्य गर्न अमानत दिएको प्रमाण संलग्न | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गर्नुपर्ने | | | |
| ८ | ३१७ | ३।२५ | फिल्डको हाजिरी प्रमाणित गरी पेश गर्नुपर्ने । | | | |
| ९ | ३२१ | ३।२६ | १) मूल्यांकन समिति ५० प्रतिशत उपस्थित नभई मूल्यांकन भएको<br>२) उक्त १,४६,८०० परिमाणको PADELUX ULTRA PERFECT विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण पेश नियमित गर्नुपर्ने । | १,४६,८०० | | |
| १० | ३२३ | ३।२६ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्र खर्च लेख्नुपदर्छ तर विवरणको भपाई समावेश नभएको | | | |
| ११ | ३२७ | ३।२६ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्र खर्च लेख्नुपदर्छ तर१४,२७३ प्याकेट सेनिटरि प्याड सम्बन्धित विधालयलाई हस्ताक्षरण गरेको भपाई संलग्न गर्नुपर्ने | | | |
| १२ | ४५ | ३।२६ | विद्यालय भौतिक पूर्वधार निर्माण अनुदानबाट द्यिालयलाई आवश्यक फर्निचरहरु खरिद गरिएको साथै विलको फोटोकपी समावेश भएका र एकै प्रकृतिका आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गरेर मात्र खर्च लेख्नुपदर्छ तरे सामान खरिद गर्दा पनि ठेक्का प्रणलीबाट नभई कोटेशनबाट गरिएको रकम रु. १०,६८,६४९ | | | |
| १३ | ४७ | ३।२६ | फोटो समावेश गर्नुपर्ने साथै वडाको सिफारिस | | | |

**कोरोना रोकथाम तथा नियन्त्रन** : सार्वजनिक खरिद ऐन २०६४ को दफा ८५(१ख)उपनियम १ र १क मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो उपनियममा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यत्ति, फर्म, कम्पनी वा सस्थाबाट सोझै वा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाख देखि २० लाखसम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्धारा खरीद गर्नुपर्ने व्यवस्था छ तर काटेशनबाट न.पा. ले विभिन्न फर्मबाट यस आर्थिक वर्षमा देहाय रकम बराबरको सामान खरिद गरिएको देखिन्छ ।

| गो.भौ.न | मिति | फर्मको नाम | सामान | रकम |
|---|---|---|---|---|
| १०० | ०७८।२।२३ | पञ्च कुमारी मेडिसिन | पिपिसेट | ३,३८,५१३ |
| १०२ | ०७८।२।२३ | पञ्च कुमारी मेडिसिन | पिपिसेट | ४,९७,२०० |
| | | | जम्मा : | ८,३५,७१३ |

पेश्की बाँकी :

यस पालिका अर्न्तगत यो बर्षको अन्तमा निम्ननुसार पेश्की बाँकी छ ।

| शीर्षक | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|
| कर्मचारी | ३५0000 | 00 | ३५0000 |
| ठेकेदार | ३२0000 | 00 | ३२0000 |
| संस्थागत | ३७0६७७0 | ४२0000 | ४१२६७७0 |
| उपभोक्ता समिती | ३३२७४0 | ३00000 | ६३२७४0 |
| व्यक्तिगत | ८८१00 | २९१0000 | २९९८१00 |
| जम्मा | ४७९७६१0।- | ३६३0000।- | ८४२७६१0।- |

दुर्गा प्रसाद आचार्य
(आ.ले.प.पाँचौं)